# स्थानीय राजपत्र


## बाह्रदशी गाउँपालिका द्धारा प्रकाशित

खण्ड १०), झापा, कोशी प्रदेश, नेपाल, असोज १५ गते २०८३ (संख्या १

भाग २


## बाह्रदशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको

## सूचना

**शिक्षक बैङ्क व्यवस्थापन कार्यविधि, २०८३**

गाउँकार्यपालिकाबाट स्वीकृत मिति :-२०८३।०६।१५
प्रमाणीकरण मिति :- २०८३।०६।१६

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ज) मा रहेको विद्यालयको शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकारलाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बाह्रदशी गाउँपालिकाको मिति २०८३।०६।१५ को बैठकले शिक्षक बैङ्क व्यवस्थापन कार्यविधि, २०८३ स्वीकृत गरेको छ ।

## परिच्छेद-१

## परिभाषा:

**१. सङ्क्षिप्त नाम र प्रारम्भ** : (क) यस कार्यविधिको नाम बाह्रदशी गाउँपालिकाको “शिक्षक बैङ्क व्यवस्थापन कार्यवधि, २०८३”  रहेको छ।

(ख) यो कार्यविधि बाह्रदशी गाउँपालिका क्षेत्रभित्र लागु हुने छ।

(ग) यो कार्यविधि कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) " गाउँपालिका" भन्नाले बाह्रदशी गाउँपालिकालाई सम्झनुपर्छ।

(ग) “अध्यक्ष” भन्नाले बाह्रदशी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(घ) “उपाध्यक्ष” भन्नाले बाह्रदशी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बाह्रदशी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(च) “शाखा प्रमुख " भन्नाले बाह्रदशी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुखलाई सम्झनुपर्छ।

(ज) " अधिकृत” भन्नाले गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत अधिकृत सम्झनुपर्छ।

(ट) “प्रधानाध्यापक भन्नाले" सामुदायिक विद्यालयको प्रधानाध्यापक पदमा कार्यरत शिक्षकलाई सम्झनुपर्छ।

(ठ) "शिक्षक भन्नाले" सामुदायिक विद्यालयको शिक्षक पदमा नियमानुसार नियुक्त भई कार्यरत शिक्षकलाई सम्झनुपर्छ।

(ड) “शिक्षक बैङ्क” भन्नाले बाह्रदशी गाउँपालिकाले गाउँपालिकाभित्र अतिरिक्त शिक्षक व्यवस्थापनका लागि बनाएको शिक्षक बैङ्कलाई जनाउँदछ।

## परिच्छेद-२

## शिक्षक बैङ्क व्यवस्थापनको उद्देश्य

१. सामुदायिक विद्यालयमा आवश्यक शिक्षकको व्यवस्थापन गर्ने।

२. सिकाइ सुनिश्चित्ता, शैक्षिक क्षति न्युनिकरण र शैक्षिक गुणस्तर अभिबृद्धि गर्ने।

## परिच्छेद-३
## शिक्षक बैङ्क व्यवस्थापन विधि

१. सामुदायिक  विद्यालयमा शिघ्र माध्यमको प्रयोग गरी शिक्षक व्यवस्थापन गरिनेछ।

२. कम्तीमा सात  दिनको समय समय दिई अनुसूची-१ को ढाँचामा शिक्षा ,युवा तथा खेलकुद शाखाले विज्ञापनको सूचना प्रकाशन गर्ने।

३. शिक्षक बैङ्कका लागि शिक्षक छनोट  गर्न अनुसूची-२ को ढाँचामा मूल्याङ्कन गरी योग्यताक्रमको सूची ( Merit List) प्रकाशन गरिनेछ।

४. गणित, विज्ञान, लेखा र प्राविधिक धार तर्फका विषयको हकमा शिक्षण अध्यापन अनुमति पत्र नभएका उमेद्वारहरूलाई पनि शिक्षक बैङ्कमा सूचिकृत गर्ने।

५. कम्तीमा १८ वर्ष पूरा गरेका र ४५ वर्ष ननाघेका र आवश्यक न्युनतमा शैक्षिक योग्यता पूरा गरेको उम्मेदवारलाई शिक्षक बैङ्कमा सूचीकृत  गर्ने।  तर नैतिक पतन देखि फौजदारी अभियोग लागेको , भविष्यमा सरकारी सेवामा अयोग्य ठहर हुने गरी बर्खास्त भएको, नेपाली नागरिक नरहेको व्यक्तिले उमेद्वार हुन पाउने छैन।

६. शिक्षक बैङ्कमा सूचीकृत उमेद्वारलाई विद्यालयको सिफारिसमा  शिक्षा, युवा तथा खेलकुद शाखाको अनुमतिका आधारमा अवधि तोकी सम्बन्धित विद्यालय व्यवस्थापन समितिले शिक्षक पदमा करार गर्न सक्नेछ

७. शिक्षक बैङ्कमा प्रकाशित योग्यताक्रमका आधारमा विद्यालयले शिक्षक करारमा प्राथमिकता दिने। माध्यमिक तथा निम्न माध्यमिक तहको हकमा विषयगत योग्यताक्रम कायम गरिनेछ।

८. शिक्षक बैङ्कका शिक्षकलाई पाँच दिन भन्दा बढी बिरामी , प्रसुती बिदा, प्रसुती स्याहार बिदा, किरिया बिदा,असाधारण बिदा, अध्ययन बिदा र बेतलबी बिदामा शिक्षक बसेको खण्डमा मात्र खटाउन सकिनेछ।

## परिच्छेद-४

## शिक्षक बैङ्कबाट नियुक्ति गरिएका शिक्षकको पारिश्रमिक र सुविधा

१. प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका शिक्षकको  पारिश्रमिक गाउँ शिक्षा समितिको बैठकले तोके बमोजिम प्रदान गर्न सकिनेछ।

३. शिक्षक बैङ्कबाट नियुक्त भएको शिक्षकलाई शिक्षा, युवा तथा खेलकुद शाखाले आवश्यक पेसागत विकासको अवसर उपलव्ध गराउन सक्ने।

४. यसरी नियुक्त शिक्षकले सार्वजनिक बिदा बाहेक मनुसन बिदा, सुत्केरी स्याहार बिदा, सुत्केरी बिदा, भैपरी बिदा र पर्व बिदा पाउने छैन।

५. यसरी नियुक्त शिक्षकले शिक्षकहरूको पेसागत सङ्घसङ्गठनमा आवद्ध हुन पाउने छैन।

## परिच्छेद-५
## विविध

१. शिक्षक बैङ्कबाट नियुक्त गरिएको शिक्षकलाई शिक्षा, युवा तथा खेलकुद शाखाले शिक्षकका रूपमा कार्यरत राखी राख्न आवश्यक नदेखेमा जुनसुकै बखत हटाउन सक्नेछ।

२. यसरी नियुक्त गरिएको शिक्षकलाई विद्यालयले आफ्नै स्रोतबाट व्यहोर्ने गरी कार्य सम्पादन करार गरी खटाउन सक्नेछ।

३. शिक्षक बैङ्कको लागि गाउँपालिका शिक्षा,युवा तथा खेलकुद शाखाले सूचना प्रकाशन गरेपछि अनुसूची-३ को ढाँचामा निवेदन पेश गर्नु पर्नेछ।

४. शिक्षक बैङ्कको सञ्चालनमा कुनै व्यवधान सिर्जना हुन आएमा गाउँ शिक्षा समितिको बैठकको निर्णयबाट बाधा अड्काउ फुकाउन सकिनेछ।

अनुसूची-१

परिच्छेद -३ को दफा २ सँग सम्बन्धित

शिक्षक बैङ्कका लागि आवेदन आह्वान सम्बन्धी सूचना

.......... पटक सूचना प्रकाशित मिति .....................

बाह्रदशी गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा आवश्यक पर्ने अतिरिक्त शिक्षक व्यवस्थापनका लागि "शिक्षक बैङ्क व्यवस्थापन कार्यविधि, २०८३" अनुसार योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र (मिति ................. गते कार्यालय समयभित्र) शिक्षा युवा तथा खेलकुद शाखामा शिक्षक बैङ्क व्यवस्थापन कार्यविधि, २०८३ को अनुसूची-३ को ढाँचा आवेदन गर्न दरखास्त आह्वान गरिन्छ।

१. विज्ञापन विवरण तथा माग पदहरू:

| विज्ञापन नम्बर | तह/श्रेणी | विषय | आवश्यक न्युनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|
| ........ | माध्यमिक (तृतीय श्रेणी) | गणित, विज्ञान, नेपाली, अङ्ग्रेजी, सामाजिक, लेखा, अर्थशास्त्र र कम्प्युटर इन्जिनियरिङका विषय | सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण। | |
| .......... | निम्न माध्यमिक (तृतीय श्रेणी) | गणित, विज्ञान, नेपाली, अङ्ग्रेजी, सामाजिक, | सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाण पत्र तह (+2) वा सो सरह उत्तीर्ण। | |
| .......... | प्राथमिक (तृतीय श्रेणी) | सबै विषय (सामान्य) | मान्यता प्राप्त शिक्षण संस्थाबाट +2 वा सो सरह उत्तीर्ण। | |

२. उम्मेदवारको योग्यता तथा आवश्यक शर्तहरू:

उमेर हद: दरखास्त दिने अन्तिम मितिसम्म कम्तीमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ।

अध्यापन अनुमति पत्र (Teaching License): सम्बन्धित तहको अध्यापन अनुमति पत्र हुनुपर्नेछ। तर माध्यमिक तह र निम्न माध्यमिक तहको गणित, विज्ञान, लेखा र प्राविधिक धार तर्फको विषयको हकमा अध्यापन अनुमति पत्र नभएका उमेद्वारहरुले पनि आवेदन दिन सक्नेछन्।

३. पेश गर्नुपर्ने आवश्यक कागजातहरू:

क) रीतपूर्वक भरिएको आवेदन फाराम।

ख)  नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

ग) शैक्षिक योग्यता (न्यूनतम र माथिल्लो) का लब्धाङ्क पत्र (Transcript) र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि।

घ)  अध्यापन अनुमति पत्रको प्रतिलिपि ।

ङ) स्थानीय बासिन्दा पुष्टि हुने कागजात (नागरिकता वा बसाइ सरि आएको भए बसाइँसराइ दर्ताको प्रमाण पत्र)।

४. छनोट प्रक्रिया:योग्यताक्रम, शैक्षिक प्राप्ताङ्क, स्थानीयता, अध्यापन अनुमति पत्र र अन्तर्वार्ताको माध्यमबाट शिक्षक बैङ्कका लागि सूचीकृत गरिनेछ।

५. दरखास्त दिने अन्तिम मिति र स्थान: दरखास्त दिने अन्तिम मिति .......................... गते कार्यालय सम्ममा बाह्रदशी गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा, चकचकी, झापा इमेल: .................................।

६.अन्तर्वार्ताको मिति र स्थान: पछि सूचना प्रकाशन गरिने ।

.....................................

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२

परिच्छेद -३ को दफा ३ सँग सम्बन्धित

शिक्षक बैङ्कका लागि शिक्षक छनोट मूल्याङ्कन अङ्क तालिका (जम्मा अङ्क: १००)

| क्र.सं. | मूल्याङ्कनको आधार | अधिकतम अङ्क | अङ्क विभाजन र विवरण |
|---|---|---|---|
| १ | न्यूनतम शैक्षिक योग्यता | ३५ | माग गरिएको पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता बापत: प्रथम श्रेणी (First Division): ३५ अङ्क, द्वितीय श्रेणी (Second Division): ३० अङ्क, तृतीय श्रेणी (Third Division): २५ अङ्क |
| २ | माथिल्लो शैक्षिक योग्यता | २० | सम्बन्धित विषय वा क्षेत्रमा न्यूनतम योग्यताभन्दा माथिल्लो शैक्षिक योग्यता बापत:प्रथम श्रेणी: २० अङ्क, द्वितीय श्रेणी: १५ अङ्क,तृतीय श्रेणी: १० अङ्क |
| ३ | स्थानीय बासिन्दा | १० | उमेद्वारको स्थायी बासस्थानका आधारमा:बाह्रदशी गाउँपालिका भित्रको स्थायी बासिन्दा: १० अङ्क, झापा जिल्लाका अन्य पालिकाको स्थायी बासिन्दा: ८ अङ्क, अन्य जिल्लाको स्थायी बासिन्दा: ६अङ्क |
| ४ | अध्यापन अनुमति पत्र (Teaching License) | ५ | सम्बन्धित तह/विषयको अध्यापन अनुमति पत्र भए बापत: अध्यापन अनुमति पत्र प्राप्त: ५ अङ्क, अध्यापन अनुमति पत्र नभएको गणित, विज्ञान, लेखा विषयको हकमा: ० अङ्क |
| ५ | अन्तर्वार्ता (Interview | ३० | छनौट समितिमार्फत लिइने मौखिक तथा व्यावहारिक/प्रस्तुतीकरण अन्तर्वार्ता बापत: परिचय दिने तरिका र हाउभाउः ५ अङ्क विषयवस्तुको ज्ञान तथा शिक्षण विधि र सूचना प्रविधिको ज्ञान: १५ अङ्क, शैक्षिक सामग्री निर्माण र प्रयोग सम्बन्धी ज्ञानः १० अङ्क, बाल मनोविज्ञान र सिकाइ: ५ अङ्क, |
| | जम्मा | १०० | |

**द्रष्टव्य: १. अन्तरवार्तामा ४० प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी अङ्क दिनुपरेमा आवश्यक पुष्ट्याइँ गर्नु पर्ने छ।**

**२. योग्यताक्रमको सूची: प्राप्त कुल अङ्कका आधारमा योग्यताक्रम सूची (Merit List) तयार गरी शिक्षक बैङ्कमा सूचीकृत गरिनेछ।**

अनुसूची-३

परिच्छेद -५ को दफा ३ सँग सम्बन्धित

मितिः ......../.........../.............

श्रीमान प्रमुख प्रशासकीय अधिकृत,
बाह्रदशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, चकचकी झापा।

**विषयः शिक्षक बैङ्कमा समावेश हुन पाउँ भन्ने बारे।**

प्रस्तुत सम्बन्धमा शिक्षक बैङ्कको लागि देहायको विवरण सहित उमेद्वारी पेस गर्दछु।

१. विज्ञापन नम्बरः प्राथमिक तह ............................... निम्न माध्यमिक तह ................................, माध्यमिक तह .......................................

२. व्यक्तिगत विवरण (Personal Information): उमेद्वारको पूरा नाम (देवनागरीमा): ..................................

Name in Block Letters (English):

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

जन्म मिति: २०......../......../........ (दरखास्त दिने अन्तिम मितिमा उमेर: ........ वर्ष)

लिङ्ग: [ ] पु रुष [ ] महिला [ ] अन्य

नागरिकता नं.: ........................... जारी मिति: २०......../......../........ जिल्ला: ........

स्थायी ठेगाना:जिल्ला: ...... नगरपालिका/गाउँपालिका: ................. वडा नं.: ........

टोल/गाउँ: ................

सम्पर्क नं. (मोबाइल): ...................................... इमेल (Email): ...........................

बाबु/आमाको नाम...........................................................................................

पति/पत्नीको नाम (विवाहिक स्थिति अनुसार): ........................................................

३. उमेद्वार हुन चाहेको तह र विषय विवरण:(एकभन्दा बढी तह वा विषयमा आवेदन दिन चाहेमा क्रम अनुसार प्राथमिकता खुलाउनुहोस्)

| क्र.स. | आवेदन दिन चाहेको तह (माध्यमिक/निम्न माध्यमिक/प्राथमिक) | आवेदन दिन चाहेको विषय | प्राथमिकता क्रम (१,२,३) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

४. शैक्षिक योग्यताको विवरण (Academic Qualification):

| क्र.स. | शैक्षिक योग्यता | उत्तीर्ण तह | बोर्ड/ विश्वविद्याल | उत्तीर्ण बर्ष | श्रेणी | प्राप्ताङ्क प्रतिशत/जिपिए | मूल विषय |
|---|---|---|---|---|---|---|---|
| १. | न्यूनतम शैक्षिक योग्यता | | | | | | |
| २ | माथिल्लो शैक्षिक योग्यता (रोजेको) | | | | | | |

५. अध्यापन अनुमति पत्र (Teaching License) को विवरण:

अध्यापन अनुमति पत्र छ/छैन: छ [ ] छैन [ ] (गणित, विज्ञान, लेखा र प्राविधिक धारको विषयको हकमा नभए पनि हुने)

अध्यापन अनुमति पत्र लिएको तह: माध्यमिक/ निम्न माध्यमिक / प्राथमिक

अनुमति पत्र नं.: ...................................... जारी मिति: २०........./........./.........

६. संलग्न कागजातहरूको सूची (सम्बन्धित बाकसमा ✓ चिन्ह लगाउनुहोस्):

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

२. न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क पत्र (Transcript) तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपि

३. माथिल्लो शैक्षिक योग्यताको लब्धाङ्क पत्र तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपि

४. अध्यापन अनुमति पत्रको प्रतिलिपि (लागु हुने विषयका लागि)

५. स्थानीय बासिन्दा पुष्टि हुने कागजात (स्थायी बसोबास प्रमाणित गर्ने बसाइ सराइ दर्ता प्रमाण पत्र/नागरिकता)

७. उमेद्वारको स्वघोषणा:

म स्वघोषणा गर्दछु कि माथि उल्लेख गरिएका सम्पूर्ण विवरणहरू सत्य र तथ्य छन्। मैले कुनै कुरा ढाँटेको छैन। उल्लिखित विवरण झुट्टा ठहरेमा प्रचलित कानून अनुसार सहुँला बुझाउँला र दरखास्त रद्द भएमा मेरो मन्जुरी छ। म शिक्षक बैङ्क व्यवस्थापन कार्यविधि, २०८३ का सम्पूर्ण शर्तहरू पालना गर्न मन्जुर गर्दछु।

उमेदवारको दस्तखत: ........................................मिति: ............................

**(कार्यालय प्रयोजनका लागि मात्र)**

कागजात जाँच गर्ने कर्मचारीको नाम/पद: .......................................................
दरखास्त: स्वीकृत / अस्वीकृत
कैफियत (अस्वीकृत भएमा): ......................................................................
कर्मचारीको दस्तखत: ........................................ मिति: ............................

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत